का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १९८
❐ १७ भदौं २०७८, बिहीबार
❐ 2 September 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।

# भागबण्डाको सकस



नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी (जसपा) भित्रको राजनीति भनेर डेढ महिनादेखि मन्त्रिपरिषद् बिस्तार गर्न नसकेका प्रधानमन्त्री शेरबहादुर देउवा अझै अनिर्णयमा छन् । नेताहरुका अनुसार, सत्ता साझेदार दलहरुबीच भागबण्डा मिल्न नसक्दा मन्त्रिपरिषद् बिस्तार हुन नसकेको हो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ भदौं ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवालाटारमा सत्ता साझेदार दलहरुबीच दिनहुँ वार्ता चलिरहेको छ । गएको २ भदौमा नेकपा एमालेबाट अलग भएर पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेकपा (एकीकृत समाजवादी) गठन गरेपछि त दिनमा पाँच दलीय गठबन्धनका नेताहरु बीच भेटवार्ता अझ बाक्लिएको छ । तर प्रधानमन्त्री शेरबहादुर देउवाले अझै मन्त्रिपरिषद् बिस्तार गर्न सकेका छैनन् ।

स्रोतका अनुसार, मन्त्रिपरिषद् बिस्तार रोकिनुमा भने सत्ता सहकार्यमा भागबण्डा प्रमुख बनेको छ । एमाले विभाजन अगाडि प्रधानमन्त्री देउवाले माधव नेपालले मागेजति मन्त्रालय दिन तयार रहेको बताउने गरेका थिए । नेपाली काँग्रेसका नेताहरुले त आवश्यक परे आधा मन्त्रालय दिन सकिने पनि अभिव्यक्ति दिने गरेका थिए । तर जब माधव नेपालले अलग दल दर्ता गरे प्रधानमन्त्री देउवा त्यति मन्त्रालय दिन राजी नभएको एकीकृत समाजवादीका एक नेता बताउँछन् । “पहिले आठ वटा समेत मन्त्रालय दिन तयार भएका प्रधानमन्त्री अहिले फरक रुपमा प्रस्तुत भएका छन्”, ती नेता भन्छन् ।

स्रोतका अनुसार एकीकृत समाजवादीले अहिले सात वटा मन्त्रालय पाउनुपर्ने दावी गरेको छ । तर संविधानले २५ भन्दा बढी मन्त्रालय बनाउन नपाइने व्यवस्था गरेको र २२ मन्त्रालय मात्रै रहेकाले सत्ता साझेदार दलहरुबीच भागबण्डा मिल्न सकेको छैन । एकीकृत समाजवादीले जतिकै मन्त्रालय संख्या जनता समाजवादी पार्टी (जसपा) ले दावी गरेको छ । यदि एकीकृत समाजवादी र जसपाले मागेजति मन्त्रालय पाउने हो भने काँग्रेस र माओवादी केन्द्रका लागि सात वटा भन्दा बढी मन्त्रालय रहँदैन । जबकी काँग्रेस र माओवादी दुवैमा मन्त्रीको दावी गर्ने सांसदहरुको संख्या धेरै छ ।

प्रधानमन्त्री देउवा काँग्रेसको १४औं महाधिवेशनको तयारीमा समेत रहेकाले पार्टीभित्र मन्त्री चयन सजिलो देखिदैन । यसअघि प्रधानमन्त्री देउवाले बालकृष्ण खाँणलाई गृह र ज्ञानेन्द्रबहादुर कार्कीलाई कानून मन्त्री नियुक्त गरिसकेका छन् । दुवै जना देउवा निकट नेता हुन् । काँग्रेसभित्र बरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री शशांक कोइराला देखि पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला समूहलाई समेत मिलाउनुपर्नेछ । सभापतिमा फेरि दोहोरिन चाहेका देउवाले आफू निकट नेताहरु मिलाउन पनि सजिलो छैन ।

२३ फागुनमा अदालतको फैसलापछि पुनर्स्थापित नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आफू बाहेक सवै सांसद मन्त्रीको दावेदार रहेको सार्वजनिक अभिव्यक्ति नै दिएका थिए । रामबहादुर थापा बादल सहित सात जना मन्त्री बन्दै एमाले प्रवेश गरेका थिए । मन्त्री नपाए विद्रोहका रुपमा अर्को पार्टी रोज्ने खतरा देखेर पनि प्रचण्ड केही बढी संख्यामा मन्त्री संख्या दावी गरिरहेका छन् । प्रचण्डले यसअघि जनार्दन शर्मालाई अर्थ र पम्फा भुसाललाई उर्जा मन्त्रालयमा सिफारिस गरेका थिए । ११ भदौमा मात्रै नयाँ दलको मान्यता पाएको एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाललाई पनि आफूतिर लागेका सांसदहरु मिलाउन धेरै मन्त्रालय लिन चाहन्छन् । तर मन्त्रालय भागबण्डा नमिल्दा प्रधानमन्त्री देउवा भने डेढ महिनादेखि सवै मन्त्रालय आफै चलाउने र सार्वजनिक रुपमा विवादित बन्दै आएका छन् ।

# उपेन्द्र यादवलाई बोनश !

राष्ट्रिय राजनीतिमा आएको उतारचढावले जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवलाई थप शक्तिशाली बनाउँदै लगेको छ । दल विभाजन अध्यादेश आएकाले महन्थ ठाकुरले नयाँ दल बनाउने अवसर पाएपनि उनी निकट धेरै नेता यादवतिरै लागेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ भदौं ।



निर्वाचन आयोगले दल रोज्न दिएको समय एक हप्ता बढी रहेपनि प्रदेशसभामा नेकपा (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) तर्फ उभिनेहरुको संख्या लगभग टुंगिदै गएको छ । नेकपा एमाले छोडेर एकीकृत समाजवादीतिर उभिने संख्या त प्रष्ट भइसकेको छ । एमाले छोडेर प्रदेश १ मा १०, प्रदेश-२ मा १३, बागमतीमा १२, लुम्बिनीमा एक, कर्णालीमा तीन र सुदूरपश्चिम प्रदेशमा १३ सांसद एकीकृत समाजवादीतिर लागेका छन् । कर्णाली प्रदेशमा यसअघि पूर्वप्रधानमन्त्री माधवकुमार नेपालतिर लागेका चार प्रदेशसभा सदस्य पदमुक्त भइसकेका छन् । चार मध्ये तीन जना त मन्त्री नै छन् ।

एमालेबाट गण्डकी प्रदेशमा भने एक जना पनि एकीकृत समाजवादीतिर लागेका छैनन् । तर चार जना भन्दा बढीले एकीकृत समाजवादीलाई साथ दिने संभावना रहेको नेताहरुको दावी छ । एमालेका प्रदेशसभा सदस्यहरुको कित्ता प्रष्ट भएसँगै प्रदेश १ र बागमतीमा एमाले सरकार नरहने पनि प्रष्ट चित्र आइसकेको छ ।

एमाले जस्तै जनता समाजवादी पार्टी (जसपा) छोडेर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) रोज्ने प्रदेशसभा सदस्यहरु पनि प्रष्ट भइसकेको छ । प्रदेश २ मा जसपा छोडेर एघार जना सांसद लोसपातिर लागेका छन् । निर्वाचन आयोगको प्रदेश कार्यालय, जनकपुरधाममा पुगेर लोसपाको पक्षमा उनीहरुले सनाखत गरेका हुन् ।

सुरिता साह, जयनुल राइन, बबिता चौधरी, नीलम देवी भूमिहारिन, अलका झा, गौरीनारायण साह, जानकीशरण साह, परमेश्वर साह, रमेशप्रसाद कुर्मी, बाबुलाल साह र उपेन्द्र महतो लोसपातिर लागे । तत्कालीन समाजवादी पार्टीका ३० र राजपाका २५ प्रदेशसभा सदस्य थिए । तर ११ जना मात्रै

गरी जसपाको कूल ५५ प्रदेशसभा सदस्य हुनुहुन्थ्यो । अर्थात् तत्कालीन राजपाका १४ सांसद उपेन्द्र यादवको पक्षमा उभिएका छन् । लोसपा राजेको प्रदेशसभा जीतेन्द्र सोनलले अझ केही सांसद आफ्नो पक्षमा खुल्ने दावी गर्छन् । तर बुधबार भएको सनाखत अनुसार भने जसपालाई लाभ भएको छ । गएको वर्ष ११ वैशाखमा जसपा भन्दा उपेन्द्र यादवसँग ३० सांसद थिए । अब १४ जना थपिएमा ४४ हुँदा प्रदेश २ मा सरकार टिकाउन समेत सजिलो हुनेछ । पार्टी केन्द्रमा पनि यादवकै पक्षमा पल्लाभारी भएको थियो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पक्षमा महन्थ ठाकुर पक्ष उभिदा जसपा विभाजित भयो । यादव पक्ष भने ओलीको प्रतिनिधिसभा विघटनको पक्षमा उभिए । राष्ट्रिय राजनीतिमा यादव उभिएको पक्षले जित्यो, संसद् पुनर्स्थापना भयो । संसद् पुनर्स्थापना भएसँगै यादव संस्थापन भए । धेरै नेताहरु यादवकै पक्षमा उभिए । जसको कारण दलको वैधानिकता सँगै महन्थ ठाकुर पक्ष कमजोर भए भने उपेन्द्र यादवलाई थप नेताहरुको साथ मिल्यो ।

# शुरू भयो उम्मेद्वारी घोषणा

**मुक्तिबाबु रेग्मी/मध्यान्ह**
काठमाडौं, १६ भदौं ।



नेपाली काँग्रेस म्याग्दीले वडा अधिवेशनको तयारीका लागि बेनीमा आयोजना गरेको बैठक । तस्बिर : कमल खत्री

नेपाली काँग्रेस चुनावी सरमगी बढेको छ । भोलि काँग्रेसको वडा अधिवेशन हुँदैछ । वडा अधिवेशनका लागि नेताहरू गाउँगाउँ पुगेका छन् । भोलिबाट शुरु हुने महाधिवेशन मंसिरसम्म चल्नेछ । वडा, स्थानीय तह, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश हुँदै मंसिर ९-१३ मा महाधिवेशन हुनेछ ।

वडा अधिवेशनका लागि देशभर उम्मेद्वारी भइसकेको छ । कतिपय ठाउँमा त वडा सभापति चयन भइसके । हरेक पार्टी संरचनाअनुसार उम्मेद्वारी तय भइसकेको छ । यता केन्द्रमा पनि उम्मेद्वारी घोषणा अगाडि बढेको छ । बुधबार मात्रै केन्द्रीय सदस्य कल्याण गुरुङले सभापति पदमा उम्मेदवारी घोषणा गरेका छन् । पत्रकार सम्मेलन गरी सभापति पदमा उम्मेदवारी घोषणा गरेका हुन् ।

पार्टीमा अब युवा वर्गबाट नेतृत्वमा हस्तक्षेप हुनुपर्ने बताउँदै उनले एक व्यक्ति एक पद र कुनै पनि पदमा दुई कार्यकाल मात्र हुनुपर्ने आफ्नो योजना रहेको बताए । “अहिले कांग्रेसमा महिला, आदिवासी/जनजाति, दलित, मधेसी, पिछडिएको समुदाय र खसआर्यका नाममा सीमित व्यक्तिले मात्र सदैव आरक्षणको सुविधा लिइरहेका छन्, यस्तो अवस्थामा नयाँले कहिले अवसर पाउने ?”, उनले भने ।

नेपाल विद्यार्थी संघका पूर्वअध्यक्ष गुरुङले आफू पार्टी नेतृत्वमा आए पार्टीभित्र सम्पत्ति विवरण सार्वजनिक बाँकी पृष्ठ २ मा

# संघको नयाँ नेतृत्वका लागि आठ व्यवसायीको नाम चर्चामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ भदौ




नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि आठ जना व्यवसायी अध्यक्षको चर्चामा देखिएका छन् । जिल्ला प्रशासन कार्यालय काठमाडौंले साधारणसभा र निर्वाचन गर्न सहमति दिएपछि व्यवसायीहरु नेतृत्वको लागि छलफलमा जुटेका हुन् ।

संघको आगामी अध्यक्षका लागि नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवासायी एसोसिएसनका तर्फबाट हालका संघका कार्यवाहक अध्यक्ष कमल तामाङ, द्वितीय उपाध्यक्ष कोमलदेव मल्ल महासचिव सुजित कुमार श्रेष्ठ र भुवनसिं गुरुङको नाम चर्चामा छ ।

प्रथम उपाध्यक्षमा प्रज्ञान न्यौपाने, ऋषि शर्माको नाम चर्चामा रहेको छ भने द्वितीय उपाध्यक्षमा किशोर केसी, महासिचवमा हालका सचिव मेघनाथ भुर्तेल र कोषाध्यक्ष ईन्दिरा गुरुङको नाम चर्चामा छ । सचिवमा नरेन्द्र बाबु राना, प्रकाश बोहरा, जंगवबहादुर इजमलगायतको नाम चर्चामा रहेको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले साधारणसभाको अनुमति दिएपछि बुधबार सामान्य छलपल भएको थियो । संघका कार्यवाहक अध्यक्ष तामाङ गृहजिल्लामा गएका कारण उनी फर्केपछि उमेदवारको टुगो लाग्ने बताइएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालको तर्फबाट संस्थापक अध्यक्ष सरोज पोखरेल, संघका निवर्तमान अध्यक्ष रोहन गुरुङ, मञ्चका पूर्व अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्री र अर्का पूर्व अध्यक्ष तथा पूर्व महासचिव नरेश गेलालको चर्चा छ । महासचिवमा राजन्द्रे भण्डारी र सुवर्ण श्रेष्ठ इच्छुक रहेको बताइएको छ ।

## वैदेशिक रोजगार विशेष

# एक हजार केयर गिभरका लागि दश हजारको प्रतिस्पर्धा

**काठमाडौं/मस**-इजरायलमा केयर गिभर कामको रोजगारका लागि आवश्यकभन्दा झण्डै दश गुणा बढी प्रतिश्पर्धीबीच प्रतिश्पर्धा हुने भएको छ । इजरायलले १ हजार जना कामदार मागेकोमा त्यसको झण्डै दश गुणा बीच परीक्षा हुने भएको छ । परीक्षा भदौ २८ गते हुँदैछ । आवेदकहरुको अंग्रेजी भाषाको लिखित परीक्षा हुने वैदेशिक रोजगार विभागले जानकारी दिएको छ । विभागले सुचना जारी गर्दै आवेदन स्वीकृत भएकाहरुको भौतिक उपस्थितिमा नै परीक्षा गर्ने विभागले जनाएको हो ।

सूचना अनुसार काठमाडौं उपत्यकामा विभिन्न परीक्षा केन्द्र तोकिएका छन् । दिनको ठिक १ बजे सञ्चालन हुने परीक्षा दुई घण्टाको हुने विभागले जनाएको छ । परीक्षार्थीहरूले परीक्षाको लागि तोकिएको समयभन्दा ३ घण्टाअगावै परीक्षा केन्द्रमा पुग्नु पर्नेछ । विभागले कोरोना महामारीलाई मध्यनजर गर्दै जनस्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेर परीक्षामा सहभागी हुन आग्रह गरेको छ ।

परीक्षामा सहभागी हुन यसअघि अनलाइन आवेदन दिएर दरखास्त स्वीकृत भएको हुनुपर्नेछ । दरखास्त स्वीकृत भए/नभएको जानकारी आवेदनकर्ताले अनलाइनमै लगइन गरेर हेर्न सक्छन् ।

सरकारले इजरायल रोजगारीको लागि साउन १२ देखि ३२ गतेसम्म अनलाइन आवेदन आह्वान गरेको थियो । त्यस क्रममा ९ हजार ६ सय ९९ नेपालीले आवेदन दिएका थिए । परीक्षा केन्द्र विभागको वेबसाइटमार्फत हेर्न सकिने विभागले जनाएको छ । विभागले लिखित र मौखिक परीक्षा सञ्चालन गर्दा लोकसेवा आयोगले अबलम्बन गरेको विधि उपयोग गरिने बाँकी पृष्ठ २ मा

# अफगानिस्तानबाट बुधबार नौ जनाको उद्धार

**काठमाडौं/मस**-अफगानिस्तानबाट उद्धार गरिएका थप नौ जना बुधबार नेपाल आइपुगेका छन् । काबुलमा उद्धार उडानको प्रतीक्षामा रहेकाहरूलाई स्वदेश फर्काउन सम्बन्धित निकायसँग समन्वय भइरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

काबुलमा रहेका सबैसँग सरकार नियमित सम्पर्कमा रहेको पनि उक्त मन्त्रालयले बताएको छ । अफगानिस्तानबाट हालसम्म ८४७ जनाको उद्धार गरिएको र ती सबै स्वदेश आइसकेका पनि मन्त्रालयले बुधबार अपराह्न प्रेस विज्ञप्ति निकालेर जनाएको छ । आगमनपछि उनीहरूलाई कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट स्वास्थ्य मापदण्डअनुसार प्रक्रिया पूरा गरी व्यवस्थापन गरिएको छ ।

अफगानिस्तानमा रहेकाहरूलाई कन्सुलर सेवा विभागको वेबसाइटमा रहेको ‘अनलाइन पोर्टल’ तथा विभाग, परराष्ट्र मन्त्रालय, मन्त्रालयको ‘सिचुएशन रुम’ र नयाँदिल्लीस्थित नेपाली दूतावासमा आफ्नो नामसहितको विवरण दर्ता गराउन पनि मन्त्रालयले अनुरोध गरिएको छ ।

VACANCY ANNOUNCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

Manager -1
Public Relation Officer (PRO) - 4
Office Secretary (Female) -1

Experience: 2 Years on Manpower field for all positions.

NEW ALFA H.R. SERVICES PVT. LTD.
Maharajgung-3, Kathmandu, Nepal
9851091508
Interested candidates can send their cv to email: nepal@newalfa.net

Vacancy Announcement

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

1. Documentation Officer - 2 (M/F)
2. Ticketing Officer - 1 (M/F)
3. Office Secretary - 1 (F)

VACANCY
SALARY: NOGITABLE

Interested candidates can send their cv to email: alshahidnepal@gmail.com

Al Shahid Overseas Pvt. Ltd.
Banshidhar Marg-04, Chandol, Kathmandu, Nepal

# ‘अबको एक दशक नेपालका लागि महत्वपूर्ण’

बिमल खड्का/मध्यान्ह
काठमाडौं, १६ भदौ

अर्थमन्त्री जनार्दन शर्माले मुलुकको विकासका लागि एक दशक महत्वपूर्ण समय रहेको बताएका छन् । बुधबार काठमाडौं महानगरपालिका-१४, कुलेश्वरस्थित ज्ञानकुञ्ज एजुकेसन फाउण्डेसन प्रालिको भवन शिलान्यास कार्यक्रममा अर्थमन्त्री शर्माले अबको १० वर्ष देश विकासका लागि युवा पुस्ता लागि परेमात्र देशले कोल्टो फेर्ने बताए ।

उनले युवा पुस्ताले अबको एक दशक देश विकासका लागि समय ननिकाल्ने हो भने वृद्धावस्थामा देश विकास गर्छु भनेर पनि नसकिने धारणा व्यक्त गरे । ‘अबको एक दशक नेपाल राष्ट्रको लागि महत्वपूर्ण घडी हो’, मन्त्री शर्माले भने, ‘यो अवधिमा धेरै समस्याहरूलाई पन्छाउँदै विकास प्रगतितिर अघि बढ्नु आवश्यक छ ।’

उनले प्रकृतिले दिएको सुन्दर उपहारले नेपाल भरिपूर्ण भएकाले शैक्षिक र सक्षम जनशक्ति तथा स्रोतको एकताबाट मात्रै देश विकास सम्भव हुने बताए । राजनीतिक परिवर्तन राष्ट्र निर्माणका लागि भएकाले शिक्षित जनशक्तिले देशको समृद्धिमा योगदान दिनुपर्ने उल्लेख गर्दै मन्त्री शर्माले आफूले मुलुक र नागरिकको हितका लागि काम गर्ने भएकाले युवाहरुलाई खबरदारी गर्न पनि आग्रह गरे । ‘हाम्रो देशको विकास गर्नका लागि हामीसँग भएको पर्याप्त साधन, श्रोत,



जनशक्ति छ । नेपाल युवा बहुल जनशक्तिमा छ, यो १० वर्षको अवधिमा देशलाई विकास गर्न सक्यौं भने यो एउटा अवसर हो’ उनले भने, ‘यदि यो १० वर्षको अवधि प्रयोग गर्न सकेनौं भने क्रमशः अहिलेको युवा, प्रौढ हुँदै, वृद्ध हुँदै बुढाहरूको बाहुल्य हुने अवस्था सिर्जना हुन्छ । त्यसकारण अबको १० वर्ष नेपालका लागि महत्वपूर्ण घडी छ ।

यही अवधिमा हामीले धेरै समस्या, चुनौतीहरूलाई पन्छाउँदै विकास, प्रगतितिर अगाडि बढ्नुपर्नेछ ।’ अर्थमन्त्री शर्माले युवाले देखेको देशको विकास र समृद्धिमा भ्रष्टाचार, राजनैतिक समस्या भइरहेकोले युवाहरू निराश भएको र अब त्यस्तो नैराश्यता पैदा हुन नदिने आश्वासन दिए ।

# बझाङको चैनपुरमा चोरीका घटना बढे

तरुणा जोशी/मध्यान्ह
बझाङ, १६ भदौ



बझाङको सदरमुकाम चैनपुरमा दिनप्रतिदिन चोरीका घटना बढ्न थालेका छन् । सदरमुकाममा बजार गस्तीको आँखा छलेर चोरी हुने गरेको स्थानीयको गुनासो आउन थालेको छ । मंगलबार राति मात्र सदरमुकाममा एकै दिन तीन पसलमा चोरी भएको छ । चैनपुरको सुर्मादेवी मन्दिर अगाडि रहेका दुई पसल र मेन चौराहमा रहेको एक पसल गरी तीन पसलमा चोरी भएको हो ।

दुर्गादेवी सिंहको सुमित्रा श्रृंगार एण्ड फेन्सी स्टोरको ताल्चा फुटालेर नगद २२ हजार ५ सय रुपैयाँ र अन्य क्समेटिक समानसँगै कपडा चोरी भएको पसल सञ्चालकले मध्यान्हलाई बताए । त्यसैगरी संगिता फेन्सी पसल तोडफोड गरी नगद, कपडा र १ थान मोबाइल चोरी भएको पसल सञ्चालक पदम खड्काले बताए । जिल्ला प्रहरी कार्यालय बझाङका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक रुपक खड्काले भने पसलमा चोरी भएको भन्ने खबर आफुलाई जानकारी आएको र चोरहरुको खोजी भैरहेको मध्यान्हलाई जानकारी दिए । उनले चोरीमा संलग्नलाई पक्राउ गरी कारबाही गर्ने प्रतिबद्धता जनाए ।

चोरीका घटना बढ्दै गएपछि दैनिक प्रहरी गस्ती बढाइएको उनले बताए । घटना बढ्दै गएपनि प्रहरी प्रशासन मौन बसेको भन्दै स्थानीयहरु भने आक्रोशित बनेका छन् ।

# कक्षा १२ को परीक्षा भदौ ३० गतेदेखि हुने

मध्यान्ह संवाददाता
काठमाडौं, १६ भदौ

कक्षा १२ को परीक्षा भदौ ३० गतेदेखि सञ्चालन हुने भएको छ । बुधबार बसेको राष्ट्रिय परीक्षा बोर्डको बैठकले भदौ ३० गते देखि असोज ८ गतेसम्म परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो । परीक्षा होम सेन्टरबाटै सञ्चालन हुने बोर्डले जनाएको छ ।

संगीत, ललितकला र संस्कृत विषय समूह तथा प्राविधिक विषय समूह तर्फका नियमित, ग्रेडवृद्धि एवं आंशिक परीक्षार्थीहरूको वार्षिक परीक्षा सम्बन्धित विद्यालयमै परीक्षा केन्द्र कायम गरी स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र सामाजिक दुरीको पालना गरी सञ्चालन गर्न लागिएको बोर्डले बुधबार जारी गरेको सूचनामा उल्लेख छ ।

बोर्डले स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय र कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) को सहमतिमा परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो ।यसअघि गत जेठमा हुने भनिएको परीक्षा साउनका लागि तय थियो । साउन ३१ गतेदेखि सुरु गर्ने भनिएको परीक्षा कोभिड संक्रमण जोखिमका कारण स्थगित भएको थियो ।

### शुरू...

गर्नुपर्ने व्यवस्था गर्ने योजना रहेको बताउँदै शिक्षा र स्वास्थ्य क्षेत्रलाई सहज पहुँचयोग्य बनाउने बताए । उम्मेदवारी घोषणालाई कुनै पनि नेताले सौदाबाजीको साधन बनाउन नहुने धारणा व्यक्त गर्दै उनले आफू जुन पदमा घोषणा गरे त्यही पदमा मात्र उम्मेदवारी दिने विश्वास दिलाए ।

पार्टीको क्रियाशील सदस्यतामा युवा वर्गको उल्लेख्य सहभागिता देखिएको अहिलेका नेताबाट सन्तुष्ट हुन नसकेको नेता कार्यकर्ताको आफूलाई सहयोग हुने उनको अपेक्षा थियो । यसअघि गगन थापाले महामन्त्री पदमा उम्मेद्वारी घोषणा गरेका थिए । मंगलबार मात्रै थापाले महामन्त्री पदमा उम्मेद्वारी दिने घोषणा गरेका हुन् । अघिल्लो महाधिवेशनमा पनि उनी महामन्त्री पदमा प्रतिश्पर्धा गरेका थिए ।

### एक...

बताएको छ । इजरायल रोजगारीका लागि शुरुमा १ हजार जना सहायक कामदार लैजाने बताएको छ । त्यसका लागि १ हजार ४ सय जना छनोट हुने छन् । रोजगारी प्रणाली योग्यता प्रणालीमा आधारित हुने विभागले जनाएको छ ।

विभागका अनुसार रोजगारीका लागि इजरायल जानेको मासिक पारिश्रमिक नेपाली रुपैयाँ करिब एक लाख ९३ हजार हुनेछ । कामदारको खानाको प्रबन्ध आफैं मिलाउनुपर्ने छ भने बस्ने व्यवस्था रोजगारदाताले नै मिलाउने जनाइएको छ ।

सेवा सुविधा आकर्षक र सामाजिक दृष्टिले मर्यादित मानिएको इजरायलमा सन् २००९ देखि नेपालीलाई रोक लगाइएको थियो । दुवै देशका सरकार-सरकार अर्थात जिटुजीमार्फत कामदार पठाउन भएको सम्झौताअनुसार विभागले आवेदन मागेको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**शुभाङ्ग टुर्स एन्ड ट्राबल्स प्रा.लि. (प्रा.लि. नं. १२८८४४)**
**का.म.न.पा.-३३, काठमाडौं, बाग्मती**

त्यस कम्पनीका संस्थापकले कम्पनीको दर्ता खारेज गरी पाउँ भनी दिएको मिति २०७८/०४/०६ को निवेदन अनुसार त्यस कम्पनीले कुनै व्यक्ति, संस्थालाई तिर्नु बझाउनु पर्ने ऋण दायित्व भए सो को सबुद प्रमाण सहित खारेजी सूचना प्रकाशन गर्ने सम्बन्धी सूचनाको मस्यौदा देहाय बमोजिम रहेको छ । उक्त सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गराई सोको प्रति यस कार्यालयमा पेश गर्नुहुन मिति २०७८/०५/११ को निर्णय अनुसार जानकारी गरिन्छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**लक्ष्मी मार्केटिङ्ग (प्रा.लि. नं. २८३१०)**
**का.म.न.पा.-३४, काठमाडौं, बाग्मती**

त्यस कम्पनीका संस्थापकले कम्पनीको दर्ता खारेज गरी पाउँ भनी दिएको मिति २०७८/०४/०६ को निवेदन अनुसार त्यस कम्पनीले कुनै व्यक्ति, संस्थालाई तिर्नु बझाउनु पर्ने ऋण दायित्व भए सो को सबुद प्रमाण सहित खारेजी सूचना प्रकाशन गर्ने सम्बन्धी सूचनाको मस्यौदा देहाय बमोजिम रहेको छ । उक्त सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गराई सोको प्रति यस कार्यालयमा पेश गर्नुहुन मिति २०७८/०५/११ को निर्णय अनुसार जानकारी गरिन्छ ।



**कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना**

श्री कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालय र उद्योग विभाग, त्रिपुरेश्वरमा दर्ता भएको **(प्रा.लि. नं. १४६६६२)** र **उद्योग दर्ता नं. १५४९९/१०३८** को **एट स्क्वायर प्रा.लि.** कम्पनी/उद्योगलाई मिति २०७८/०३/२४ को विशेष साधारणसभाले कम्पनी ऐन २०६३ दफा १२६ बमोजिम कम्पनी तथा उद्योग स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय गरेकोले यस कम्पनी/उद्योगसंग कोही कसैको बाँकी बक्यौता वा लेनदेन आदि भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण हकदाबी गर्न रजिष्ट्रारको कार्यालय र उद्योग विभाग त्रिपुरेश्वर काठमाडौंमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको लागि सुचित गरिन्छ । सो अवधी समाप्ती पछि कम्पनी कानुन बमोजिम खारेजी भईजाने र कम्पनी/उद्योग खारेज भएपछि कोही कसैको दावि नलाग्ने व्यहोराको समेत जानकारी गराईन्छ ।

**लिक्वीडेटर: माधब प्रसाद अधिकारी, ठेगाना : लगनखेल, ललितपुर**
**इजाजतपत्र नं. ४५७, फोन नं. ९८५१०८११६८**



## भूल सुधार

**मिति २०७८/०५/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शिर्षकमा चलानी नं.: ६०१५६३०२, LT. No.: 238100, चलानी नं.: ६०१५६२८८, LT. No.: 238120, चलानी नं.: ६०१५६७११, LT. No.: 238463, चलानी नं.: ६०१५६३०३, LT. No.: 238113, चलानी नं.: ६०१५६२८९, LT. No.: 238122, चलानी नं.: ६०१६२२०४, LT. No.: 244429, चलानी नं.: ६०१६२२०३, LT. No.: 244430 विज्ञापनमा अन्तर्वार्ता मिति २०७८ भदौ २३ गते (8 Sep. 2021) हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।**

Work Force Services Pvt. Ltd.
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914



**टयान रुई चाइनिज रेष्टुरेण्ट एण्ड बार प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सुचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०५२/११/०४ मा दर्ता भएको **टयान रुई चाइनिज रेष्टुरेण्ट एण्ड बार प्रा.लि.(दर्ता नं.१०३२९६)** को मिति २०७८/०५/१० गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसंग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटर: जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार**
**इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९६९६६**



## कतारमा रोजगार
**ZAROQ TRADING CONSTRUCTION CLEANING AND HOSPITALITY SERVICES**
पुर्व स्विकृति मिति: २०७८।०५।१६ चलानी नं. ६०१६२२४८ LT No. 244732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | काममा दक्ष | 3000 | 96000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer | 2 | 0 | | 1000 | 32000 | | | | | | | |
| 3 | Driver | 3 | 0 | | 1500 | 48000 | | | | | | | |
| 4 | Gen Clean Worker | 3 | 0 | | 1000 | 32000 | | | | | | | |
| 5 | Representative | 1 | 0 | | 2500 | 80000 | | | | | | | |

लागत खर्च: 0

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७८ भाद्र २४ गते (9 September 2021) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**मनकामना फरेन इम्प्लोइमेन्ट कं. प्रा. लि.**
सीतापाइला, काठमाडौं, श्रम इजाजत नं.: ७५३/०६४/६५
फोन नं. ४०३४६७७, ९८५११२५२७५ Email:manakamanamfec@gmail.com



## कतारमा रोजगारको अवसर
कम्पनी: **INK WORLDWIDE WLL** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०७८/०२/२८ चलानी नं.: ६०१५८७७७ LT. No.: 240805 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २४ गते (09 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**टोपाज इण्टरनेशनल प्रा. लि.** श्रम इजाजत नं. ५४७/०६२/०६३
मैतिदवी, काठमाडौं, नेपाल, फोन: ०१-४५१२६५०



## कतारमा रोजगार
१. कम्पनी: **GLOBAL SUPPLY TRADING & CONTRACTING** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०७८/०५/१६ चलानी नं.: ६०१६२२६४ L.T. No.: 244619

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २४ गते (9 SEPT. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Superb Solutions Pvt. Ltd.**
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौ, फोन : ४४६१२४३, ४४९५१८, मोब : ९८५१०७७५२४
Govt Lic. No. 264/058/059 Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np



## कतारमा रोजगारको अवसर
कम्पनी : **AL SAWAED HOSPITALITY** शहर : **DOHA**
पूर्व स्वीकृत मिति: २०७८/०३/१५ चलानी नं.: ६०१६१२८९ LT. No.: 241264 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 11 | स. काममा दक्ष | 1400 | ४४,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २४ गते (9 Sept. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fine Job Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. ११८०/०७३/७४
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512, 9841876087
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np



## ROMANIA मा रोजगार
कम्पनी: **CADIMA YOU SEE SRL** शहर: **ROMANIA**
पूर्व स्वीकृत मिति:२०७८/०५/११ चलानी नं.: ६०१६२०१४ LT. No.: 244516

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 100 | 20 | स. काममा दक्ष | 550 | ६४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २४ गते (09 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ६५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
साबिक: Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316



# Musikot Municipality
## Office of the Municipal Executive
Musikot, Rukum (West)
Karnali Province, Nepal

# Invitation for Online Bids

Date of Published : 2078.05.17 B.S. (2021.09.02 A.D.)

Office of the Municipal Executive invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Cost of Bidding Doc | Last Date of Bid submission electronically | Date of Bid Opening | Bid Security | Account Details | Estimated Amount, NRs. (Without VAT) |
|---|---|---|---|---|---|---|---|
| NCB/MM/Buid.01-078/079 | Construction of Dhanmaya Pratisthan Building | 3000.00 | 2078.06.17 (2021.10.03 A.D.), 12.00 O'clock | 2078.06.17 (2021.10.03 A.D.), 13.00 O'clock | 280000.00 | Internal Revenue : 07703000001001000001 Dharauti : 07703000003000000001 | 98,68,567.76 |

Chief Administrative Officer

# महानगर–२६ मा अवैधरुपमा पानी निकालेर बेच्दै व्यवसायी

## ■ जमिन नै भासिने डरले स्थानीय आन्दोलित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ भदौ



काठमाडौं महानगरपालिका-२६ सामाखुसीस्थित कुमारीटोलमा वातावरण प्रभाव मूल्यांकन बिना नै जमिन उत्खनन गरी पानी निकालेर व्यवसायीले बेच्दै आएका छन् । यसरी वातावरण प्रभाव मूल्यांकन बिना नै करिब ३ सय फिट गहिराइबाट दैनिक १५ लाख लिटर पानी निकाल्दा जमिन नै भासिन सक्ने भन्दै स्थानीयहरु आन्दोलित भएका छन् । निजी खानेपानी संस्था परिवेश महत खानेपानी लिमिटेडले दुई दशकदेखि महानगरको वडा नम्बर २६ स्थित भारतीय राजदुतावासको कम्पाउण्ड वाल नजिकै दुईवटा बोरिङ संचालन गर्दै आएको छ ।

उक्त खानेपानी लिमिटेडले भूमिगत जलसम्पदाको दोहन गरेको स्थानीयले आरोप लगाएका छन् । स्थानीयले विभिन्न समयमा बस्तीको बीचमा अवैध तवरबाट बेचबिखन नगर्न कम्पनी र सम्बन्धित निकायलाई अनुरोध गर्दा बेवास्ता गर्ने काम गरिएको स्थानीयको भनाइ छ । कम्पनीका तत्कालीन प्रोप्राईटर विष्णु बहादुर महतले राजनैतिक संरक्षण र धाकधम्कीको आडमा कम्पनी सञ्चालन गरिरहेको स्थानीयले बताएका छन् । बुधबार एक विज्ञप्ति निकालेर स्थानीयले खानेपानी कम्पनीका प्रोपाईटर महतले राजनैतिक पहुँचको बलमा टोलवासीलाई धम्काउँदै व्यवसाय सञ्चालन गर्दै आइरहेको जनाएका छन् ।

महत नेकपा माओवादी केन्द्रका नेतासमेत भएकोले राजनीतिक आडमा स्थानीयको भनाइलाई अटेर गरेको विज्ञप्तिमा भनिएको छ । 'अहिले वर्षेनी काठमाडौं उपत्यकामा भूमीगत पानीको सतह औसतमा ७२ सेन्टिमीटरको दरले घट्दै गइरहेको अध्ययनको तथ्यांक छ,' विज्ञप्तिमा भनिएको छ, 'यस क्षेत्रमा ३० मिटर भन्दा गहिराइबाट पानी तान्न रोक लगाइएको छ, यस्तो घना बस्ती र जोखिमपूर्ण भूबनोट भएको ठाउँमा भूमीगत पानीको दोहन गर्दा कालान्तरमा यहाँको जमिन नै भासिने जोखिम बढ्दै गइरहेको छ ।'

यसरी जमिनमूनीको पानी अत्यधिक रुपमा दोहन गरिरहँदा उक्त क्षेत्रका स्थानीयहरुको घरघरमा रहेका पानीका श्रोतहरु सुक्दै गइरहेको र स्थानीयस्तरमा खानेपानीको हाहाकारको स्थिति उत्पन्न भएको स्थानीयले बताएका छन् ।

व्यक्तिगत स्वार्थ र लाभका लागि अवैध तवरले प्राकृतिक स्रोतको दोहन गरेकाले तत्कालै उक्त खानेपानी कम्पनी बन्द गर्न गत साउन ३१ गते स्थानीय कुमारी टोल सुधार समितिमार्फत सैयौं टोलवासीको हस्ताक्षरसहितको निवेदन काठमाडौं महानगरपालिका वडा नम्बर २६ का वडा अध्यक्ष ख्यामराज तिवारीलाई बुझाएको कुमारी टोल सुधार समितिका अध्यक्ष कृष्ण कुमार श्रेष्ठले जानकारी दिए ।

स्थानीयले निवेदन दिएसँगै गत भदौ ५ गते वडा अध्यक्ष ख्यामराज तिवारी, कुमारी टोल सुधार समितिका पदाधिकारीका साथै सम्पूर्ण टोलवासीहरु र निज कम्पनीका प्रोप्राईटरहरुको बीचमा अविलम्बरुपमा उक्त खानेपानी कम्पनी तत्कालै बन्द गर्ने सहमति भएता पनि हालसम्म कम्पनी बन्द नभएको र व्यवसाय सञ्चालन गर्दै आइरहेको स्थानीयले बताएका छन् ।

# पश्चिम नेपालका थारु समुदायले मनाए अष्टिम्की

**हिमेश बि.क/मध्यान्ह**
धनगढी, १६ भदौ




पश्चिम नेपालका थारु समुदायले आफ्ना विवाहित छोरीचेलीलाई 'अग्रासन' (खानाका परिकारको उपहार) दिएर अष्टिम्की पर्व धुमधामका साथ मनाएका छन् । ब्रतालुहरुले आफू खानु अगावै एक भाग निकालेर राखेको विभिन्न खानाका परिकार विवाहित छोरीचेलीलाई उपहारको रुपमा दिने चलन छ । यसलाई थारु भाषामा अग्रासन भनिन्छ । यो उपहार विवाहित छोरी चेलीका लागि थारु समुदायमा अति नै महत्वपूर्ण मानिन्छ ।

यो दिन छोरीचेलीहरु माइतीको अग्रासन कुरेर बसेका हुन्छन् । अग्रासनमा फलफूल, भात, फूलौरी, हलुवा, गेडागुडी, माछा लगायतका परिकार रहने गर्दछ । अष्टिम्कीको पहिलो दिन पानीसमेत नखाएर निराहार व्रत बसेकाहरु भोलिपल्ट अन्नसहित मिठा-मिठा परिकार खाने गर्दछन् । यसलाई 'फरहार' भन्ने गरिन्छ । माइती पक्षबाट अग्रासान दिन आएकाहरुलाई विवाहित छोरीचेलीले उच्च सम्मानका साथ स्वागत सत्कार गर्ने थारु समुदायमा चलन छ ।

यसरी मनाइन्छ अष्टिम्की

व्रतालु महिलाहरू अष्टिमकीको पहिलो दिन बिहानै गाउँको भलमन्सा वा बडघरको घरको बहरी अर्थात बैठक कोठाको उत्तरपट्टिको भित्तामा लिपपोत गरी चुनले रंगाई श्रीकृष्ण भगवानको चित्रलाई विशेष रुपमा सजाउँछन् ।

श्रीकृष्णको दाहिनेपट्टी सूर्य र बाँयापट्टी चन्द्रमाको चित्र बनाइन्छ । दोस्रो लाइनमा सात भाइ कौरबहरूको चित्र बनाउने गरिन्छ । तेस्रो भागमा दुलाहादुलही, दुलहीलाई पठाउन जाँदा अवस्थाको 'डोली', दुलाहालाई पठाउन जाँदा अवस्थाको 'डोला', माछा, गंगटा, बाघ, हात्ती, मंयुर, सर्प, बिच्छी, गाईलगायत विभिन्न चरा र जनावरको चित्र कोर्ने प्रचलन रहँदै आएको छ ।

यसरी श्रीकृष्ण भगवानको जीवनमा आधारित चित्र सजाई सकेपछि गाउँभरीका महिला तथा युवतीहरू परम्परागत लेहंगा, बिलाउज, चोलिया लगायत पहिरनमा सजिएर लाइनबद्ध भएर अष्टिम्की टिक्न जाने थारु नागरिक समाज कैलालीका संयोजक दिलबहादुर चौधरीले बताए । जुन अवस्था निकै रोचक र हेर्न लायक हुन्छ संयोजक चौधरीले मध्यान्हलाई भने-व्रतालु महिलाहरूले प्रसादको रुपमा काँक्रो, कुन्द्रु, अम्बा लगायत फलफूल लैजाने गरिन्छ जहाँ पूजा पश्चात लगिएका फलफूल बाँडेर खाने गरिन्छ ।

यता, रातभरी त्यही पूजा कोठामा पृथ्वीको उत्पति, श्रीकृष्ण जन्म र लिला समेतिएको गीत गाउने समेत प्रचलन रहिआएको छ संयोजक चौधरीले भने- अर्को दिनपनि बिहानै ब्रतालु महिलाहरूले अघिल्लो दिन झैं टिक्ने गर्दछन् । त्यसपछि अघिल्लो र पछिल्लो दिन टिक्ने क्रममा लगिएका विभिन्न पूजा सामग्री नजिकको नदी, खोलामा सेलाउन जान्छन् । त्यहाँबाटै उनीहरू नुहाएर घर फर्कन्छन् ।

उता, घरमा ब्रतालु महिलाहरूका परिवारजनले भात, खरिया, फुलौरी, माछाको सुकुटी, तरकारी, आचार लगायत विभिन्न परिकार बनाएर तयार पारेका हुन्छन् । जुन परिकारलाई ती ब्रतालु महिलाहरूले 'फरहार' गर्छन् । विभिन्न परिकारहरूको आधा भाग खानुभन्दा पहिलै टपरी तथा दुनामा छुट्याएर राख्नुलाई थारु समुदायमा फरहार भनिन्छ । फरहार पश्चातमात्रै ब्रतालु महिलाहरूले खाना खान्छन् ।

यसरी फरहारको क्रममा दुना र टपरीमा छुट्याएर राखिएका परिकारलाई आफ्नो विवाहित चेलीबेटीहरूलाई अग्रासन (कोसेली) को रुपमा दिन जाने प्रचलन रहँदै आएको छ ।

यसरी एकातिर, थारु समुदायमा अष्टिम्की पर्व असत्य माथि सत्यको जितको खुसियालीको रुपमा मनाइन्छ भने अर्कोतिर, विवाहित चेलीहरूलाई अग्रासन दिन जाने प्रचलनले समाजमा भाइचाराको भावना जागृत गर्दै आएको थारु बृद्धिजीवीहरूको भनाइ छ ।

# ब्यासमा हेलिकप्टरमार्फत खाद्यान्न ढुवानी गर्न १ करोड ५३ लाख विनियोजन



**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, १६ भदौ

वर्षातको बेला आएको बाढीपहिरोले दार्चुला सदरमुकाम देखी ब्यास गाउँपालिका जोड्ने दार्चुला तिङकर सडक र गोरेटो बाटो अवरुद्ध भएको छ । गोरेटो बाटो अवरुद्ध भएपछि वडा नम्बर १, २, ३ र ४ मा खाद्यान्न ढुवानी गर्न निक्कै समस्या भएको छ ।

खाद्यान्नको अभाव हुन थालेपछि गाउँपालिका अध्यक्ष दिलिप सिह बुढाथोकीले भदौ २ गते गृहमन्त्री बालकृष्ण खाण लाई प्रतक्ष भेटेरै हेलिकप्टर मार्फत खाद्यान्न ढुवानीको व्यवस्था मिलाईदिन अनुरोध गरेको गरेको अध्यक्ष बुढाथोकी का स्वकीय सचिब दिपक सिंह खातीले मध्यान्हलाई बताए ।

अध्यक्ष बुढाथोकीको अनुरोधलाई गम्भीर रूपमा लिँदै गृहमन्त्री खाँणले तत्काल हेलिकप्टरबाट खाद्यान्न ढुवानीको प्रबन्ध गर्न उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय र ढुवानीको लागि आवश्यक बजेट विनियोजन गर्न अर्थ मन्त्रालयलाई निर्देशन दिएका थिए ।

ब्यास गाउँपालिकाको वडा नम्बर १, २, ३ र ४ का लागि हेलिकप्टरमार्फत खाद्यान्न ढुवानी गर्न भदौ १५ गते अर्थ मन्त्रालयले १ करोड ५३ लाख बजेट विनियोजन गरेको थियो । तुरुन्तै टेन्डर आह्वान गरेर हेलिकप्टरमार्फत खाद्यान्न ढुवानी गरिने अध्यक्ष बुढाथोकीले जानकारी दिए ।

# घोडाहामा डाइभर्सन निर्माण कार्य शुरु



**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, १६ भदौ

रुपन्देहीको देवदहस्थित अबरुद्ध पूर्व पश्चिम राजमार्ग संचालनका लागि रुपन्देही देवदहको घोडाहामा डाइभर्सन निर्माण कार्य शुरु भएको छ । सो स्थानमा रहेको पुल गत भदौ १० गते राति परेको अविरल वर्षाका कारण भासिएको थियो । पुल भासिएपछि पूर्व पश्चिम राजमार्गको सडक नै ठप्प भएको थियो ।

विगत ६ दिनदेखि अबरुद्ध राजमार्ग संचालनका लागि देवदहको घोडाहामा डाइभर्सन निर्माण कार्य शुरु गरिएको छ । हालको अवरुद्ध सडक संचालनको लागि डल हाल्ने काम तीव्र रुपले भैरहेको सडक विभागका एक कर्मचारीले मध्यान्हलाई जानकारी दिए । लामो दुरीका सवारी साधनले वैकल्पिक मार्गको रुपमा परासी, मणिग्राम हुँदै भैरहवा सडकमार्ग प्रयोग गर्दै आएका छन् ।

देवदह प्रहरी चौकीका इन्चार्ज गङ्गा बहादुर सारुले मध्यान्हलाई दिएको जानकारी अनुसार डाइभर्सन निर्माणका लागि एक हप्ता लाग्न सक्ने भएको छ । अविरल वर्षाका कारण अबरुद्ध सडकले गर्दा यात्रुलाई निकै सास्ती व्यहोर्नुपरेको छ ।

# सिताके च्याउले पाएन स्थानीय बजार



**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
सिन्धुपाल्चोक, १६ भदौ

सिन्धुपाल्चोकको चौतारामा उत्पादित सिताके च्याउले बजार नपाउँदा स्थानीय कृषक चिन्तित बनेका छन् । बसन्त कृषि तथा पशुपालन फर्मका सञ्चालक भिमशेन खड्काका अनुसार उत्पादित स्थानीय सिताके च्याउले बजार नपाएर काठमाडौंका होटलसम्म पुऱ्याउनुपर्ने झन्झट व्यहोर्नु परिरहेको बताए ।

उनले २०७५ सालमा फर्म खोलेका हुन् । उनको फर्ममा विभिन्न जातका माछा, सिताके च्याउ, भैसीपालनदेखि विभिन्न किसिमका स्थानीय तरकारीहरु, बेर्नाहरु पाइन्छ । उनी ७५ सालमा ३३ वर्षे स्थायी शिक्षकको जागिर छोडेर कृषि फर्मतिर आकर्षित भएका हुन् । उनका बुबा झपड बहादुर खड्का पनि जिल्लाको उत्कृष्ट कृषक हुन् । उनको फर्ममा उत्पादित तरकारी, माछा, भैसीको दुध र रांगाले स्थानीय बजार पाइरहेको छ भने च्याउले बजार पाउन नसकेको हो ।

तीन जनाको सझेदारीमा खोलिएको सो फर्ममा एक करोड भन्दा बढी लगानी भैसकेको छ भने पशुपालनको निम्ति प्रदेश सरकारबाट १० लाख अनुदान र स्थानीय सरकारबाट माछा पालनको निम्ति ५० हजारसमेत पाएको उनी बताउँछन् । रांगापालनको निम्ति तराईबाट ५० वटा रांगा २० लाखमा ल्याएकोमा तराईको रांगा पहाडमा फस्टाउन नसकेर घाटा व्यहोर्नुपरेको उनी बताउँछन् ।

वर्षमा २५ देखि ३० लाख रुपैयाँको कारोवार हुने उक्त फर्ममा सिताके च्याउ मात्र ५ देखि ७ लाख रुपैयाँको उत्पादन हुने खड्का बताउँछन् ।


आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

**शिलबन्दी प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति : २०७८/०५/१६**

यस आरुघाट गाउँपालिका, गोरखाको लागि क्याटलग खरिद बिधिबाट Backhoe Loader खरिद गर्ने कार्यको निमित्त मिति २०७८/५/१५ गते भित्र यस कार्यालयको मौजुदा सुचीमा सुचिकृत फर्महरुलाई यो सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग शपिंग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम १० बमोजिम शिलबन्दी प्राविधिक प्रस्ताव पेश गर्नुहुन जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**अधिकृत वारिसनामा बदर गरेको सूचना**

म, नकुल प्रसाद ह्योजूको नाती, सिंह प्रसाद ह्योजूको छोरा, रूपन्देही जिल्ला, बुटवल उप.म.न.पा. वडा नं. ७, घर भई हाल रोजगारीको सिलसिलामा अमेरिकामा बस्ने वर्ष ४२ को राजेन्द्र प्रसाद ह्योजू (ना.प्र.प.नं. १८९२६ जारी मिति २०५१।०५।१४, जि.प्र.का. स्याङ्जा) ले परदेशी मुरावको छोरी, रामेश्वर मुरावको श्रीमती रूपन्देही जिल्ला, कोठईमाई गा.पा.वडा नं. १ बस्ने वर्ष ३७ को मालती कुमारी मुराव (ना.प्र.प.नं. ३७१०५०/४/२४५०७ मिति २०६५/०७/०६ जि.प्र.का. रूपन्देही) लाई नेपाली राजदुतावास वासिङ्टन डी.सी. अमेरिकाबाट मिति २०७७/१२/४/४ (दर्ता नं. US21031734) मा प्रमाणित गरिदिएको अधिकृत वारिसनामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१)(ग) नं. बमोजिम आजकै मितिबाट लागू हुने गरी बदर गरिएको सूचना प्रकाशित गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध गर्दछु ।

रूपन्देही जिल्ला, बुटवल उप म.न.पा. वडा नं. ७,
हाल अमेरिकामा बस्ने राजेन्द्र प्रसाद ह्योजू



**कतारमा रोजगारको अवसर** | १. कम्पनी: CITY PALACE RESTAURANT
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१६ चलानी नं.: ६०१६२२६३ L.T. No.:244785

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 2 | 0 | | 1200 | ३७,८७२ | | | | | | | |

२. कम्पनी: HAPPY LIFE TRAD. & CONT. & CLEANING W.L.L शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१६ चलानी नं.: ६०१६२२३९ L.T. No.:244784

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason | 1 | 0 | | 1300 | ४१,०२८ | | | | | | | |
| 3. | Foreman | 1 | 0 | | 2500 | ७८,९०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २४ गते (09 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1224/074/075
**JALAJALA RECRUITMENT PVT. LTD.**
Samakhushi-29, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecruitment@gmail.com, Web.:www.jalajalarecruitment.com



**कतारमा रोजगार** | कम्पनी: ABRAJ AL DHAFNA TRADING & CONTRACTING CO.
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०५/१६ चलानी नं.: ६०१६२२४५ LT. No.: 244598

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Painter | 2 | 0 | | 1500 | ४७,३४० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २४ गते (09 September 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार बिभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

TEAMPRO
Teampro H. R. Services Pvt. Ltd.
P.O. Box: 19845
Kalimatidole-9, Sinamangal, Kathmandu
Phone: 01-4372222
E-mail: teamprohrs@gmail.com

## सम्पादकीय

### सामान्यकालको यात्रा

राजधानी उपत्यकाका सिनेमाहरू आजबाट सञ्चालनमा आउने भएको छ । काठमाडौं, भक्तपुर र ललितपुरका तीन प्रमुख जिल्ला अधिकारीको बैठकले सिनेमा हल खोल्न दिने निर्णय गरेको हो । कोरोना रोकथामका लागि लामो समयदेखि बन्द रहेको सिनेमा हल स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर सञ्चालनमा ल्याउन दिने निर्णय स्थानीय प्रशासनले गरेको हो । सरकारले कोरोना रोकथामका लागि आवश्यक निर्णय गर्ने अधिकारी स्थानीय प्रशासनलाई दिएको छ । सरकारको निर्णयअनुसार, निषेधाज्ञाको प्रकृतिबारे विभिन्न निर्णय स्थानीय प्रशासनले गर्दै आएको छ । दोस्रो लहरको कोरोना महामारी बढ्दै गएपछि स्थानीय प्रशासनले भीडजन्य गतिविधिमा रोक लगाएको थियो । तर महामारी घटेसँगै स्थानीय प्रशासनले जनजीवन सामान्य बनाउँदै लगेको छ ।

सार्वजनिक यातायात खुला, बजार तथा पसल सञ्चालन जस्ता गतिविधि यसअघिबाटै खुला हुँदै आएको छ । बुधबार बसेको प्रमुख जिल्ला अधिकारीहरूको बैठकले भने सिनेमा हल पनि सञ्चालनमा आउन दिने निर्णय गरेको छ । महामारीका कारण सिनेमा हल लामो समयदेखि सञ्चालन हुन सकेको छैन । जसकारण नेपाली चलचित्र क्षेत्र नराम्रोगरी प्रभावित बनेको छ । सिनेमा हल सञ्चालनले केही राहत मिल्ने आशा गरिएको छ । तर शैक्षिक क्षेत्र अझै सुचारू नभएका बेला सिनेमा हल सञ्चालन हुन दिदा आलोचना र महामारीको खतरा हुन सक्छ । त्यसैले स्थानीय प्रशासनले सिनेमा हल सञ्चालनप्रति विषेश ध्यान दिन जरूरी छ । तर अब पनि बन्द गरिरहने निर्णय उचित होइन । किनकि महामारी रोकथामको विकल्प भनेको कोरोना विरूद्धको खोप उपलब्ध गराउने मात्रै हो ।

तर आर्थिक, सामाजिक र अन्य क्षेत्र क्रियाशील तुल्याउँदै समाजलाई सामान्यकालतिर फर्काउनु आवश्यक छ । किनकि रोकसँगै समाजलाई भोकबाट बचाउनु पनि राज्यको दायित्व हो । राज्य आफ्नो दायित्वबाट भाग्न मिल्दैन । यसको अर्थ सतर्कता अपनाउँदै समाजलाई सामान्यकालतिर लैजानु नै हो । आर्थिक गतिविधि ठप्प हुँदा मुख्यगरी गरिखाने वर्ग संकटमा परेका छन् । उनीहरूका निम्ति पनि राज्यले विशेष कार्यक्रम ल्याउन आवश्यक छ । अतः स्थानीय सरकारले आवश्यक सतर्कता अपनाउँदै बन्देज लगाइएका क्षेत्रहरू खुला गर्नेतिर जोड दिन आवश्यक छ ।

## सामाजिक सञ्जाल



नेताहरूलाई मालदार मन्त्रालय हत्याउन ५० दिन छिनाझम्टी मै बित्छ । नाथे जयसिंह धामीलाई वैतर्नी तार्ने फुर्सद कसलाई मिलोस् ? न नाकाबन्दीमा वाक्य फुट्छ, न जयसिंह महाकालीमा खसालिदा वाक्य फुट्छ ! हैन कस्तो 'तोत्ले कम्फर्टेबल' नमुनाले राज्य चलाएको छ ?

- **राजीब न्यौपाने**



माओवादीदेखि नयाँ शक्ति, सपा हुँदै ऐले जसपा निर्माणको क्रममा हामीले निरन्तर राज्यको संघीय पुनर्संरचना, देशको जातीय/राष्ट्रिय विविधताको सम्बोधन हुनेगरी गर्न पैरवी गरिरहेछौँ । तत्कालीन नयाँ शक्तिका प्रदेश सांसदहरूले तमुवान–मगरातको पक्षमा मतदान गरेको नभुलौं ! लोकतन्त्रमा फरकमत राख्न पाइन्छ !

- **डा. बाबुराम भट्टराई**



वर्गीय राजनीतिको ढोंग ओढ्नेहरूले पहिला यो बुझोस् र भनोस् कि वर्ग छ कहाँ ? हाम्रो देशमा न त वर्ग छ, न त छ वर्गीय समस्या । यहाँ छ केवल जातीय समस्या । यहाँ छ केवल धर्म, कर्म र गरिबीको समस्या । यसर्थ शब्दको खेती न गरौं, लाज लाग्छ दक्षिण एसियामा ।

- **पार्वती चौधरी**



पिएम ज्यूँ, भ्रष्टाचारले सीमा नाघ्यो । नेपाल र यादवलाई मालदार मन्त्रालयमा भागबण्डा नमिलेर झगडा । एउटालाई होलीवाईन अर्कोलाई रौतहट हत्याकाण्डमा आजीवन काराबास ठोके हुन्छ । ६ वोटा नचल्ने चिनियाँ जहाज खरीद प्रकरणमा मुछिएका तत्कालिन पर्यटनमन्त्री र सचिवलगायतबाट ९ अर्ब रूपैयाँ असूल गर्नेगरी जेलमा कोचौं ।

- **पुरूषोत्तम ढुंगेल**



डलरवादीको खेती कहिल्यै समाप्त नहुने भए । पहिला कांग्रेस आई सत्तामा हुँदा धर्मनिरपेक्षताको पक्षमा हस्ताक्षर गरे अनि भाजपा सत्तामा आउँदा हिन्दुराज्यको । जयजयकार गर्ने यी सबै धर्मको रक्षा गर्नको लागि होइन प्रभुलाई खुसी पार्नकै लागि हुन् । अन्ततः धार्मिक, जातीय अतिवादको बीउ रोप्ने बाहेक अरू केही होइन ।

- **सेतेमान तामाङ**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# एमालेको विलोपीकरण अनिवार्य

**०५१ सालको मध्यावधि चुनावदेखि एमालेले पार्टी र नेता, कार्यकर्ताहरुलाई संसदीय व्यवस्थामा छिरायो र पूरै भ्रष्टीकरणमा होम्यो । एमालेले नै कम्युनिस्ट पार्टी कै नाम र झण्डामुनि बसेर पहिलो पटक पजेरो, प्राडो संस्कृति भित्र्यायो । उसले नै पार्टीभित्र र राज्यभित्र महल संस्कृति भित्र्यायो ।**



● हस्तबहादुर केसी

नेपाली राजनीतिक क्षीतिज दलाल पुँजीवादको सबैभन्दा ठूलो महलका रुपमा रहेको नेकपा (एमाले) दोस्रो पटक नेपाली धर्तीमा ढलेको छ । यो महल २०५४ साल फाल्गुन २१ गते पहिलोपटक ढलेको थियो भने दोस्रो पटक यही २०७८ भदौ १ गते ढलेको छ । यो महल पहिलोपटक ढल्दा त्यसबाट बाहिर निस्कन सफल भएकाहरुले नेकपा (माले) नामको नयाँ पार्टी गठन गरेका थिए, भने यसपाला यो महल ढल्दा त्यसबाट बाहिर निस्कन सफल भएकाहरुले नेकपा (एकीकृत समाजवादी) नाम दिएका छन् । केही राजनीतिक विश्लेषकहरुले एमालेरुपी नेपाली धर्तीमा उब्जिएको दलाल पुँजीवादको सबैभन्दा ठूलो महल ढलेपछि नेपाली नागरिकहरु धेरै चिन्तित भएको र यसको ढलाइले नेपाली राजनीतिमा ठूलो दूरगामी असर पार्न सक्छ भनेर विश्लेषण गर्न थालेका छन् ।



तर यो विश्लेषण गलत छ, किनभने यो नेपाली धर्तीमा बलिया जरा गाडेर खडा भएको नेपालको सबैभन्दा ठूलो दलाल पुँजीवादको कालो तथा महाभ्रष्टहरु बसेर नेपाली जनताको अरबौ सम्पत्तिमाथि लुटपाट मच्चाउँदै आएका, नेपालका नदी - नालाहरु भारतलाई महाभ्रष्ट, अपराधी तथा विदेशी दलालहरु बस्ने र राष्ट्रलाई बेच्ने देशद्रोहीहरु बस्ने एमालेरुपी महल नेपाली धर्तीमा ढल्दा खेरी नेपाली नागरिकहरु चिन्तित हुनुपर्ने कुनै कारण छैन । बरु खुसियाली मनाउनु पर्छ नेपाली नागरिकहरुले । मदनकुमार भण्डारी, माधवकुमार नेपाल, झलनाथ खनाल हुँदै केपी ओलीसम्म आइपुग्दा नेकपा (एमाले) नाम दिइएको पार्टी र त्यसका नेताहरुले देश र जनताका लागि कतिसम्मको अपराध गरे, देश र जनतालाई कहाँसम्मको धोका दिदै र गद्दारी गर्दै आए, यो सानो लेखमा सबै हिसाब किताब गरेर साध्य नै छन्, नेपाली जनता नै काफी जानिफकार छन् नै ।

विश्व सर्वहारा वर्गका नेता तथा चिनिया कम्युनिस्ट पार्टीका नेता कमरेड माओले भन्नुभएको छ, 'सही विचार छ, सबैथोक छ, विचार छैन भने केही छैन ।' कमरेड माओले भन्नुभए झै माले - एमाले हुदैं एमालेले नेपाली क्रान्तिको तत्कालीन मार्ग निर्देशन सिद्धान्त मार्क्सवाद - लेनिनवाद - माओविचारधारा छोड्यो र मदनकुमार भण्डारीले अगाडि सारेको ' बहुलवाद' आधारित पुँजीवादी संसदीय विचारलाई आफ्नो बनायो । उसले सिद्धान्तको रुपमा मान्दै आएको 'जनताको बहुदलिय जनवाद' संसदीय व्यवस्थाको दार्शनिक आधार हो । यसकै आधारमा एमालेले पार्टीलाई संसदीय भाषामा ढाल्दै आयो । उसले संसदीय व्यवस्थालाई आफ्नो कार्यदिशा बनायो ।

०५१ सालको मध्यावधि चुनावदेखि एमालेले पार्टी र नेता, कार्यकर्ताहरुलाई संसदीय व्यवस्थामा छिरायो र पूरै भ्रष्टीकरणमा होम्यो । एमालेले नै कम्युनिस्ट पार्टी कै नाम र झण्डामुनि बसेर पहिलो पटक पजेरो, प्राडो संस्कृति भित्र्यायो । उसले नै पार्टीभित्र र राज्यभित्र महल संस्कृति भित्र्यायो । यतिमात्र होइन, एमालेले आफूलाई संसदीय व्यवस्थाको विकृति र विसंगतिको आहालमा डुबाई सकेपछि गाविस स्तरका, नगरपालिका स्तरका, जिविस स्तरका र संसद स्तरका आफ्ना निर्वाचित नेता, कार्यकर्ताहरुलाई कसरी पैसा कमाउने ? कसरी राष्ट्रिय सम्पत्तिमाथि, जनताको सम्पत्तिमाथि ब्रह्मलुट र लखनउ लुट मच्चाउने ? भन्ने स्कुलिङ गर्दै आयो र केन्द्रदेखि स्थानीय स्तरका आफ्ना नेता - कार्यकर्ताहरुलाई कसरी भ्रष्टाचार गर्ने र राष्ट्रको सम्पत्ति लुट्ने भन्ने स्कुलिङ गर्दै आयो । एमाले २०५१ सालदेखि यता २०७८ सालसम्म २७ वर्षसम्म पटक-पटक सरकारमा गयो । कहिले आफ्नै पार्टीको बहुमत सरकार त, कहिले राप्रपा, काँग्रेस, माओवादीहरुसित मिलेर केन्द्रीय सरकार सञ्चालन गर्दै आयो भने पछिल्लो अबधिमा प्रदेश स्तरमा र त्योभन्दा पहिले करीब २५ वर्षको अबधिमा स्थानीय निकायहरुमा बहुमतका आधारमा शासन सञ्चालन गर्दै आयो । यी सबै अबधिमा एमालेले आफ्ना नेता, कार्यकर्ताहरुलाई भ्रष्टीकरणमा रुपान्तरण गराउँदै लग्यो । उसले देशलाई बेचेर हुन्छ कि ? मुलुकको सम्पतिमाथि ब्रह्मलुट, लखनउ लुट गरेर हुन्छ ? जसरी पैसा कमाऊ, चुनाव जित, खाऊ, कमाऊ, लुट, मोजमस्ती गर अर्थात् देशलाई र चुनाव जितेर आऊ, सत्ता चलाऊ भन्ने स्कुलिङ गर्दै आयो । जसका कारण २७ वर्षको अबधिका चरम भ्रष्टाचार गर्ने, कर्मचारीहरुलाई साथमा लिएर राष्ट्रको सम्पत्ति दिनहाडै लुट्ने, नेपाली जनताको सम्पत्ति लुट्ने एकजना पनि आफ्ना नेता - कार्यकर्ताहरुलाई कारवाही गरेको एउटा पनि प्रमाण छैन ।

राष्ट्रको सम्पत्ति लुटेर, जनताको सम्पत्ति लुटेर एमालेले आफ्ना नेता - कार्यकर्ताहरुलाई अरबपति, खरबपति बनाउँदै आएको छ र अरबपति खरबपति हुन नसकेका आफ्ना नेता कार्यकर्ताहरुलई कुनै पनि स्तरको चुनावमा टिकट नै दिँदैन । यस प्रकारका महाभ्रष्ट, अनैतिक, देश बेचुवा अपराधीहरु बस्ने गरेको एमालेरुपी दलाल पुँजीपतिहरुको महल ढल्दाखेरी जनता चिन्तित हुनुपर्ने कुनै कारण छैन, बरु खुसी हुनुपर्छ । किनकि एमालेले नेपाली कम्युनिस्ट आन्दोलन संसदीय व्यवस्था र संसदीय संस्कृति भित्र्याएका कारण कम्युनिस्टका नाममा सिंगो नेपाली कम्युनिस्ट आन्दोलनलाई प्रदूषित तुल्याउँदै आएको छ । यस्तै यस्तै प्रक्रियाबाट एमालेको विघटन हुन र नेपाली कम्युनिस्ट आन्दोलनबाट यसको विलोपीकरण हुन जरुरी छ । यो पार्टी नेपाली धर्तीमा जति दिनसम्म खुट्टा टेकिरहन्छ, उति नै देश र जनतालाई घाटा र नोक्सानी पुग्दछ ।

केपी ओलीको ३ वर्षे कार्यकालमा राष्ट्रिय स्तरमा ६ अर्ब र प्रदेश तथा स्थानीय स्तरमा २० अर्ब भ्रष्टाचार गरेको प्रमाण हालै सार्वजनिक गरिएको महालेखा परिक्षकको रिपोर्टले पुष्टि गरिदिएको छ । यो सरकारी तथ्यांकबाहेक एमालेले २७ वर्षको अबधिमा खरबौको राष्ट्रिय सम्पत्तिमाथि भ्रष्टाचार गरिसकेको देखिन्छ । यसले माओवादी आन्दोलनबाट आएको प्रचण्ड समूह नेता, कार्यकर्ताहरुलाई महाभ्रष्ट बन्न सिकाएको छ । त्यही सिकेर त्यसकै लाभ गरेर नै प्रचण्ड समूह एमाले भित्र छिरेको थियो । प्रचण्डको सिफारिसमा गृहमन्त्री बनेका राम बहादुर थापा 'बादल' गृहमन्त्री रहेका बखत करोडौं भ्रष्टाचार गरेको तथ्यांक महालेखा परिक्षकको प्रतिवेदनद्वारा सार्वजनिक गरिएको छ ।

यिनै तमाम कारण नेपाली समाजमा कम्युनिस्टको नाममा ऐजेरु बनिरहेको एमालेले दलाल पुँजीवादको ठूलो र कालो महल ढल्दाखेरी नेपाली जनता चिन्तित हुने कुनै कारण छैन । किनकि प्रकृतिमा 'बादल न फाटी घाम लाग्दैन' । त्यस्तै नेपाली कम्युनिस्ट आन्दोलन क्रान्तिकारी आन्दोलनमा रुपान्तरण गर्नका निम्ति ढिलो चाँडो एमालेको विलोपीकरण हुन अनिवार्य छ ।

*(लेखक वरिष्ठ मार्क्सवादी लेखक एवं राजनीतिक विश्लेषक हुन् ।)*

## कर्णालीको पीडा बोल्ने तस्बीर

# अस्पतालसम्म त धाइन्, तर फर्केर आइनन्

**अझैपनि कर्णालीका ग्रामीण क्षेत्रमा स्वास्थ्यको अवस्था दयनीय नै छ । स्वास्थ्य चौकी भए पनि दक्ष चिकित्सक छैनन् । चिकित्सक भएको ठाउँमा आवश्यक उपकरण छैनन् । यस्तै अभावै अभावले वर्षेनी समयमै उपचार नपाएर कर्णालीका कैयौं बिरामीको मृत्यु हुने गरेको छ । अर्कोतिर, समयमै उपचार नहुँदा मृत्यु पर्खेर बाँच्नुपर्ने बाध्यता पनि छ ।**



● अर्जुन बिष्ट

कर्णालीमा मुटु रोगी सार्वजनिक बसमा मरिरहेका छन् । मृगौला पीडित ठेला चढ्न बाध्य छन् । झाडापखाला लागेको छोरालाई घण्टौं बोक्न विवश छिन् आमा । रगतको अभावमा दिनहुँ सुत्केरीको ज्यान जान्छ । आपतकालीन अवस्थाका बिरामी बोक्ने एउटा एम्बुलेन्ससमेत नभएको देशमा ठूला-ठूला कुराले देशलाई स्विजरल्याण्ड बनाइसके !

अझैपनि कर्णालीका ग्रामीण क्षेत्रमा स्वास्थ्यको अवस्था दयनीय नै छ । स्वास्थ्य  चौकी भए पनि दक्ष चिकित्सक छैनन् । चिकित्सक भएको ठाउँमा आवश्यक उपकरण छैनन् । यस्तै अभावै अभावले वर्षेनी समयमै उपचार नपाएर कर्णालीका कैयौं बिरामीको मृत्यु हुने गरेको छ । अर्कोतिर, समयमै उपचार नहुँदा मृत्यु पर्खेर बाँच्नुपर्ने बाध्यता पनि छ । यहाँको अधिकांश ग्रामीण भेगका स्वास्थ्य संस्थाहरुमा दक्ष स्वास्थ्यकर्मीको अभाव, कठिन भूगोल, समयमै उपचार नपाउनु, औषधिको अभाव, यातायातको असुविधालगायतका कारणले कर्णालीबासीले निकै जोखिमसहित सास्ती भोग्दै आएका छन् । राज्यको आँखालाई समेत केन्द्रित गर्नेगरी केहिदिन अघि सामाजिक सञ्जालमा एउटा कारुणिक तस्बिर छताछुल्ल भयो । एउटा दुधे बालकलाई आमाले काखीमा च्यापेर बसको सिटमै प्राण त्यागेको तस्बिरले दुनियाँलाई भावुक बनायो ।

गत भदौ ३ गतेको त्यो घटना जसले धेरैलाई रुवायो । त्यो तस्बिर थियो, कर्णाली प्रदेशको रुकुम पश्चिमस्थित आठविसकोट नगरपालिका-९ सुन्दरपानीकी २८ वर्षीया धर्मकुमारी बटालाको । उनी थप उपचारका लागि नेपालगन्ज जाँदैगर्दा बसमै बिच बाटोमा मृत्यु भएपछि सामाजिक सञ्जालमा निकै भाइरल बनेको थियो ।

प्रेसर हाइ र लो हुने समस्याको उपचारको लागि घरनजिकैको मेडिकलमा स्वास्थ्य जाँच गराउँदै आएकी धर्मकुमारी आफुलाई गाह्रो लाग्न थालेपछि राडिबजारको आठबिसकोट नगर अस्पतालमा जान्छिन् । ३२ महिनाको बालकलाई बोकेर अस्पताल पुगेकी धर्माको स्वास्थ्य अवस्था सामान्य नै थियो । अस्पतालका डाक्टर सुशील मण्डलले उनको स्वास्थ्य चेकजाँच गरेपछि एकपटक सुविधा सम्पन्न अस्पतालमा चेकजाँच गर्न सुझाब दिँदै पत्रमा प्रेसर सन्तुलित अवस्थामा नरहेको चिट लेखेर पठाएपछि बटालाले नेपालगन्ज जाने निर्णय गर्छिन् ।

३२ महिनाको बच्चालाई काखीमा च्यापेर अस्पतालमा उपचार पछि फर्किने विश्वासका साथ रात्रि बसको यात्रामा हिँडेपछि उनले बिच बाटोमै ज्यान गुमाइन् । मुटु रोगको दीर्घ बिरामी भएकोले धर्माकुमारीले स्थानीय प्रेमप्रकृति मेडिकलबाट नियमित औषधि सेवन गर्दै आएको मेडिकल सञ्चालक तिलक बटाला बताउँछन् । तर केही दिनदेखि उनले औषधि सेवन गरेकी थिइनन् । एम्बुलेन्सको व्यवस्था नहुँदा जटिल रोगका बिरामीसमेत रात्री, दिवा बसको यात्रा गर्नुपर्ने बाध्यता अहिलेको होइन्, यो पुरानै समस्या हो ।

घटनापछि यहाँको स्वास्थ्य क्षेत्रमा प्रश्न उठ्न थालेको छ । २५ शैयाको अस्पताल सञ्चालनमा आएको आठबिसकोट नगरअस्पतालमा एम्बुलेन्सको समेत सुविधा नहुँदा धेरै बिरामीले सास्ती खेप्नुपरेको छ । कति बिरामीले बिचबाटोमै आफ्नो ज्यान गुमाएका छन् । यस्ता कयौं कहालीलाग्दा घटनाले अझै पनि हाम्रो सोँचमा परिवर्तन ल्याउन सकेको छैन । अतिआवश्यक उपकरण, जनशक्तिको अभाव कारणले नै कर्णालीमा स्वास्थ्यको पहुँच नपुग्दै



कैयौं बिरामीको मृत्यु हुँदा सरकारको तर्फबाट कुनै पहल नहुँनु लाचारपनभन्दा अरु केही हुन सक्दैन् ।

स्वास्थ्यकर्मीले रिफर गरेर जिल्ला अस्पताल या अन्य अस्पताल पुर्‍याउँदासम्म बिचबाटोमै बिरामीको ज्यान गैसकेको हुन्छ । यो समस्याको दीर्घकालीन समाधान कसले र कहिले खोज्ने ? कहिलेसम्म कर्णालीले टुहुरा नाबालक र बाबाआमा गुमाउने ? भौगोलिक विकटताको निहुँ पारेर सरकारसमेतले वास्ता नगरेपछि यहाँका बासिन्दाले सधैं यहि पीडा खेप्नुपर्ने हो ? राज्यकोषबाट लाखौं रकम खर्चेर हेलिकप्टरबाट नेपाल भ्रमण गर्नुभन्दा कर्णालीमा हवाई एम्बुलेन्स सञ्चालन ल्याए हुँदैन ?

समस्यासँग मुख ताकेर बस्नुभन्दा समस्याको समाधानको लागी गाउँमा रहेका स्वास्थ्य चौकीहरुमा दरबन्दीअनुसारको स्वास्थ्यकर्मी राख्ने, औषधी, दक्ष जनशक्ति, उपकरण र सडक सञ्जालसँग जोडिएको क्षेत्रमा यातायातको व्यवस्था मिलाउन सरकारले पहल चाल्नुपर्छ । कर्णालीका दुःख धेरै छन् । पीडा धेरै छन् । बर्खाको समयमा गाउँको हिलाम्मे बाटोमा हिँडेर गाउँकै अस्पतालमा पुगेकी धर्माले छोरालाई दूध चुसाउँदै गरेको अवस्थामा संसारबाट बिदा लिएको दृश्यले नै कर्णालीको वास्तविक दुःखलाई छर्लङ्ग पारेको छ । धर्मकुमारीले हिम्मत राखेर अस्पतालसम्म त धाईन तर, फर्केर आइनन् । बटालाकी सासु मैंमी भन्छिन्, 'अलिकति राम्रो औषधि उपचार पाएको भए मेरी बुहारी बाँच्ने थिइन् । भनेका बेला औषधि-उपचार गर्ने ठाउँ छैन ।", उनले  भावुक हुँदै व्यक्त गरिएका यी शब्द-शब्द मात्रै थिएनन् । वास्तविक कर्णालीको पीडा बोलिरहेका थिए ।

यति मात्रै होईन यहाँ राम्रो शिक्षा दिने शिक्षालय छैनन् । बेरोजगारीको भयावह स्थिति छ । बालबालिकामा कुपोषण त्यस्तै छ । जनताको जिविका नै सुरक्षीत नभएको ठाउँबाट राजनीतिमा भने तछाडमछाडको अवस्था छ । मुलुकका शक्तिशाली मन्त्रालयहरुको जिम्मेवारी समालिसकेका नेताहरु राष्ट्रिय राजनीतिमा छन् । तर कर्णालीमा जन्मेको समेत बिर्सिसके । के सधैं कर्णालीलाई रोग, भोक र गरिबीको पर्यायको रुपमा चिनाइ राख्ने हो ? अस्पताल भर्ना हुन् नेताकै भनसुन चाहिने, सडक, शिक्षा, रोजगार र स्वास्थ्यमा

> कर्णालीका दुःख धेरै छन् । पीडा धेरै छन् । बर्खाको समयमा गाउँको हिलाम्मे बाटोमा हिँडेर गाउँकै अस्पतालमा पुगेकी धर्माले छोरालाई दूध चुसाउँदै गरेको अवस्थामा संसारबाट बिदा लिएको दृश्यले नै कर्णालीको वास्तविक दुःखलाई छर्लङ्ग पारेको छ । धर्मकुमारीले हिम्मत राखेर अस्पतालसम्म त धाईन तर, फर्केर आइनन् ।

सोर्स फोर्स लगाएर जीवन चलाउनुपर्ने बाध्यतासँग पहुँच नहुनेको अवस्था कसले बुझ्ने ? कर्णालीलाई सधैं दुर्गम बनाएर राख्ने हो भने यहाँका बासिन्दाको जनजीवनमा परिवर्तन कहिले आउला ?

एनजीओ / आइएनजिओहरुले कर्णालीका भन्दा लाखौं डलर भित्र्याउछन् ।  तर कर्णालीका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात छ ।' कर्णाली लक्षित कार्यक्रम जति सबै पैसा कमाउने भाडो मात्रै बने , यहाँको जनजीवन जहाँको त्यहीँ छ । अझैपनी उपचारका लागि आफूसँग भएको श्रीसम्पती धितो राख्नुपर्ने बाध्यता छ । नारामा मात्रै समृद्ध कर्णालीले जनताको खाली खुट्टामा घोच्ने काँडा छेक्दैन । नाङ्गो शरीर,भोको पेट ,पालमुनिको बास र बसमै मुटु रोगीको मृत्यु रोक्न चिल्ला कुरा छोडेर कामका कुरा गरौँ । भौगोलिक दुरीकै  कारण समयमै उपचार गर्न  नसकिने ठाउँमा  हवाई एम्बुलेन्सको व्यवस्था गर्नुपर्छ। अनि मात्र कर्णालीका बिरामीको ज्यान जोगाउन सकिन्छ ।

जनतालाई मृत्युको मुखतिर धकेलेर कहिलेसम्म सत्ताको स्वाद चाख्ने ? बाँच्नको लागि हामी कहिले सम्म सडक र सामाजिक सञ्जालमा उफ्रिनु पर्ने? समाजवादको वकालत गरि नथाक्ने हाम्रा राजनीतिक दलहरु नागरिकको अपेक्षा के हो ? बुझ्न पर्दैन? स्वास्थ्य जस्तो जटिल कुरामा पनि राजनीति गर्न पछि नहट्ने नेतृत्वकर्ता नसुध्रिए सम्म हजारौं बालक टुहुरा , हजारौं आमा - बुवाले सन्तान गुमाउनुपर्ने छ । स्वास्थ्य सेवा समेत उपलब्ध नभएको ठाउँमा स्वास्थ्य बिमा कार्यक्रम ल्याउनु अघि सबै नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन सरकारले ध्यान पुर्‍याउनुपर्छ ।

# अमेरिकाकै हितका लागि सेना फिर्ता : बाइडेन



काठमाडौं /एजेन्सी– अमेरिकी राष्ट्रपति जो बाइडेनले अफगानिस्तानबाट आफ्ना सैनिक फिर्ता गर्ने निर्णयको फेरि बचाउ गरेका छन् । २० वर्ष लामो युद्ध अन्त्य गर्दै अमेरिकी सैनिक अगस्ट ३१ को समय सीमा अघि सोमबार पूर्णरुपमा स्वदेश फर्किएका थिए । अमेरिकासहितका नेटो सैनिक फिर्ता हुने निर्णयसँगै अफगानिस्तानको सत्तामा तालिबान फर्किएको छ । मध्य अगस्टमा तालिबानले काबुल नियन्त्रणमा लिएको हो ।

अमेरिकी राष्ट्रपति बाइडेनले अफगानिस्तानमा लामो समय बस्ने कुनै विकल्प नरहेको बताएका छन् । अफगानिस्तानमा अमेरिकी सैनिकको २० वर्षे उपस्थिति अन्त्य भएको भोलिपल्ट मंगलबार राष्ट्रका नाममा सम्बोधन गर्दै आफ्नो निर्णयको बचाउ गरेका हुन् । उनले आफ्ना सैनिकले एक लाख २० हजार भन्दा बढीको उद्धारका लागि विमानको व्यवस्थापन गरेकोमा प्रशंसा गरे । अमेरिकी हितका लागि त्यहाँबाट सेना फिर्ता गरेको भन्दै उनले २० वर्षे सैन्य अभियान सफल भएको दाबी गरे ।

अमेरिकी सैनिक फिर्ता हुँदै गर्दा तालिबानका लडाकुहरुले उत्सव मनाएका थिए । उनीहरुले त्यसलाई आफ्नो विजयका रुपमा परिभाषित गरेका थिए । सन् २००१ को सेप्टेम्बर ११ मा अल कायदाले गरेको आक्रमणपछि अमेरिकाले अफगानिस्तानमा सैन्य अभियान थालेको थियो । त्यसपछि अफगानिस्तानको सत्ताबाट तालिबान हटेको थियो र फेरि अमेरिका बाहिरिने भएसँगै सत्तामा फर्किएको हो । अमेरिकी सैनिक फिर्तीको प्रक्रिया र त्यसले निम्त्याएको अस्तव्यस्ततालाई लिएर बाइडेनको अमेरिकामै र अन्तर्राष्ट्रिय स्तरमा आलोचना भइरहेको छ । अनपेक्षित रुपमा अफगानी सुरक्षा बल 'कोल्याप्स' हुँदा सहज रुपमा तालिबानले सत्ता कब्जा गरेको हो र त्यसको आलोचना पनि बाइडेनले खेपिरहेका छन् ।

तालिबानले ११ दिन भित्र अफगानिस्तानमा नियन्त्रण कायम गर्न सफल भएको हो । उसले अगस्ट १५ मा काबुलमा नियन्त्रण कायम गरेको थियो । बाइडेनले उद्धार प्रक्रियाका लागि काबुल विमानस्थलको सुरक्षा व्यवस्था मिलाउन झण्डै ६ हजार सैनिक पठाएका थिए ।

अमेरिकी सैनिकको नियन्त्रणमा रहेको विमानस्थलबाट अमेरिकी तथा सहयोगी देशका नागरिक, कूटनीतिज्ञसहित सहयोगी एवम् देश छोड्न चाहने अफगानको पनि उद्धार गरिएको हो । तर अझै पनि तालिबानको त्रासमा देश छोड्न चाहने धेरै अफगानीहरु छुटेका छन् ।

मंगलबारको सम्बोधनको क्रममा बाइडेनले सैनिकको प्रशंसा गर्दै देश फर्किन चाहने र अझै पनि अफगानिस्तानमै रहेका झण्डै २०० अमेरिकीहरुको उद्धारका लागि प्रयास जारी राख्ने बताएका छन् ।

गएको बिहीबार काबुल स्थित हामिद करजाई अन्तर्राष्ट्रिय विमानस्थलको गेटमा भएको आइएस–के को आत्मघाती आक्रमणमा १३ अमेरिकी सैनिकसहित कम्तीमा १७० जनाको ज्यान गएको थियो । त्यसपछि अमेरिकाले गरेको ड्रोन आक्रमणमा दुई योजनाकार मारिएको दाबी गरिएको थियो ।

तर आइतबार विमानस्थल नजिकै अमेरिकाले आक्रमणकारीलाई निशाना बनाएर गरेको ड्रोन आक्रमणमा एकै परिवारका १० जनाको ज्यान गएको छ । त्यसलाई लिएर अमेरिकाले आलोचना भोगेको छ । अमेरिकाले घटनाको छानबिन भइरहेको र सर्वसाधारणको मृत्यु निशाना बनाइएका आक्रमणकारीको गाडीमा रहेको बिस्फोटक पदार्थका कारण भएको हुन सक्ने दाबी गरेको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मितिः २०७८/०५/१७

यस कम्पनीको मिति २०७८/०३/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक **इरो कन्स्ट्रक्सन प्रा.लि.** मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिबर्तित कम्पनीले व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/१० को निर्णयानुसार कम्पनीको नाम परिबर्तन गरि **आईआरओ प्रा.लि.** (प्रा.लि. १८६६) कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मितिः २०७८/०५/१७

यस कम्पनीको मिति २०७८।०४।२० को विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८।०५।०२ को निर्णयबाट **रोयल पार्टी भेन्यु एण्ड क्याफे प्रा.लि** को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने दायित्व आदी परिवर्तित नामको कम्पनीले तिर्ने व्यहोर्ने गरि साविकको नाम **रोयल पार्टी भेन्यु एण्ड क्याफे प्रा.लि** परिर्वतन गरी **रोयल दरबार रेष्ट्रो एण्ड भेन्यु प्रा.लि.** कायम भएको हुदा सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## सार्वजनिक सूचना

प्रकाशित मिति : २०७८/०५/१७

मिति २०७७ साल फाल्गुन २९ गते धन बहादुर परियारको छोरी हिमालय गिरीको श्रीमति कोपिला सुनाम गिरीले निज कोपिला सुनाम गिरीको नाममा भएको कन्काई नगरपालिका वडा नं. ८ झापा जिल्ला पुरानो गा.वि.स. धैलाडुवा ९ को कि. नं. १२९, १५६९, १५७०, २४२६-०-१८-१०, ०-१-१०, ०-११-०-०, ०-११-५-०-०-१०-० जम्मा ४२.७५ कठ्ठा क्षेत्रफल मोरङ जिल्ला सुन्दरहरैचा वडा नं. ७ पूर्ण बहादुर थोप्रा (लिम्बु) को छोरा साविक बासिन्दा विर बहादुर थोप्रा लिम्बु बर्ष ३४ र सुनसरी जिल्ला धरान नगरपालिका वडा नं. २ का चन्द्र लाल अग्रवालको छोरा हाल काठमाडौं बस्ने अनिल अग्रवाल बर्ष ५३ का दुई जनालाई कन्काई नगरपालिका वडा नं. ८ मा वैना पट्टा गरेको कुरा थाहा भएकोले घरको मूली म हिमालय गिरी, छोरा हिकोस गिरी र रिकोस गिरीको उक्त जग्गा बेच्न कुनै सहमति नभएको हुँदा हामी उक्त जग्गा बेच्न इच्छुक नभएकोले यो सूचना जारी गरेका छौं ।

## कतारमा रोजगारको अवसर

१. कम्पनीः ALIF SERVICE CENTER WLL — शहरः QATAR

पूर्व स्वीकृत मितिः २०७८/०५/१६ चलानी नं.: ६०१६२२३८ LT. No.: 244756

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Typist | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ३१,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1000 | ३१,५६० | | | | | | | |

२. कम्पनीः MEAT CORNER RESTAURANT — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१६ चलानी नं.: ६०१६२२३७ LT. No.: 244755

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cooker | 1 | 0 | | 1500 | ४७,३४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २४ गते (9 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHALEEG FACTORY FOR NATURAL STONE & C M CO LTD — शहरः DAMMAM

पुर्व स्वीकृत मितिः २०७७/१२/०१ चलानी नं.: ६०१५५४४२ L.T. No.: 237255 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ३८,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Normal Labour | 1 | 0 | | 1000 | ३१,०६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २४ र २५ गते (9 & 10 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Gulf Manpower Services Pvt. Ltd.**
श्रम इजाजत नं. ०२३/०४८/०४९
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com

## बहराइनमा रोजगार

१. कम्पनी : KINGDOM SECURITY W.L.L — शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/०१/१० चलानी नं.: ६०१५७८५५ L.T. No.: 239739 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 38 | 0 | स. काममा दक्ष | 120 | ३७,०८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD — शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७७/११/०६ चलानी नं.: ६०१५४६७९ L.T. No.: 236227 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 180 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३०,९०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver Light | 150 | 0 | | 130 | ४०,१७३ | | | | | | | |
| 3. | Driver Heavy | 10 | 0 | | 150 | ४६,३५५ | | | | | | | |
| 4. | Mechanic | 10 | 0 | | 150 | ४६,३५५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २४ गते (9 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Easy Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. १२६१/०७४/०७५
Basundhara-3, Kathmandu, Tel.: 01-4016539
Web.: easyoverseasnp.com

## कतारमा रोजगारको अवसर

१. कम्पनीः CENTURY RESTAURANT — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/१६ चलानी नं.: ६०१६२२४४ L.T. No.: 244696

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७८,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 2 | 0 | | 1400 | ४४,१८४ | | | | | | | |
| 3. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३१,५६० | | | | | | | |

२. कम्पनीः SECTION MODERN INDUSTRIES — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७७/११/१२ चलानी नं.: ६०१५४७४५ L.T. No.: 236352 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 36 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनीः MODIFEST GARAGE — शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०१/१७ चलानी नं.: ६०१५८४५० L.T. No.: 240512 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanic Tech General Mechanical Maint. | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Painter | 2 | 0 | | 1200 | ३७,८७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ भदौ २४ गते (9 September 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

